# प्रदेश समपूरक अनुदान व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०७९

लुम्बिनी प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

लुम्बिनी प्रदेश सरकार

## आर्थिक मामिला मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

२०७९

सचिव

# प्रदेश समपूरक अनुदान व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०७९

प्रस्तावना: प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८ मा सामयिक संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "प्रदेश समपूरक अनुदान व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

२. प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८ को दफा ५ मा संशोधन: प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८ (यस पछि "मूल कार्यविधि" भनिएको) को दफा ५ को खण्ड (ज) झिकिएको छ।

३. मूल कार्यविधिको दफा ७ मा संशोधन: मूल कार्यविधिको दफा ७ मा देहाय बमोजिम संशोधन गरिएको छः-

(क) उपदफा (१) मा रहेका "विद्युतीय प्रणाली" भन्ने शब्दहरू पछि "वा मन्त्रालयले तोकेका अन्य माध्यम" भन्ने शब्दहरू थप गरिएको छ।

(ख) उपदफा (३) पछि देहायको उपदफा (३क) थप गरिएको छः-

"(३क) आयोजना तथा कार्यक्रमको न्यूनतम कूल लागत कम्तिमा एक करोड भन्दा बढि र अधिकतम कूल लागत दश करोड भन्दा कम भएका आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नुपर्नेछ।"

४. मूल कार्यविधिको अनुसूची-१ मा संशोधन: मूल कार्यविधिको अनुसूची-१ को सि.नं.९ र सि.नं.१० को क्र.सं.(ख) झिकिएको छ।